# स्थानीय राजपत्र

## लेकवेशी नगरपालिकाद्वारा प्रकाशित

*खण्डः८) लेकवेशी नगरपालिका, कल्याण, सुर्खेत, श्रावण १ गते, २०८१ साल संख्याः १*

## भाग - १

### लेकवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

### सूचना

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको नगरसभाले तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## लेकवेशी नगरपालिकाको विनियोजन ऐन, २०८१

स्वीकृत मितिः २०८१/०३/३०

प्रमाणिकरण मितिः २०८१/०३/३०

लेकवेशी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम लेकवेशी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भ :**</u> (१) यस ऐनको नाम "लेकवेशी नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. <u>**आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**</u>

(१) आर्थिक वर्ष २०८१/८२को निमित्त नगर कार्यपालिका, वडासमिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची - १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू.६०,८९,१७,८८४.०० (अक्षेरुपी साठी करोड उनानब्बे लाख सत्र हजार आठ सय चौरासी रूपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. <u>**विनियोजनः**</u> (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त लेकवेशी नगरपालिका, सुर्खेतको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर

गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४. **कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:** यस ऐनको कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक कार्यविधि निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

## अनुसुची -१

## (दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चितकोषबाट विनियोजन हुने रकम

(रु. हजारमा)

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | | | | |
| २. | | वडा समिति | | | | |
| ३. | | बिषयगत शाखा | | | | |
| ४. | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ५. | | लगानी (शेयर /ऋण) | | | | |
| | | **जम्मा** | | | | |

**आज्ञाले**

बखत बहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत